स्थानीय सरकार

हेलम्बु गाउँपालिका

ཧེ་ལམ་བུ་ཡུལ་སྡེ་ལས་ཁུངས།

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

पशु सेवा शाखा

बागमती प्रदेश, नेपाल

प.सं.: २०८३/८४

च.नं.:

पशु सेवा कार्यक्रममा आवेदन/प्रस्ताव आह्वान सम्बन्धि सूचना।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०७/१६ गते

हेलम्बु गाउँपालिका पशु सेवा शाखाको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देहाय अनुसारको कार्यक्रम सञ्चालनको लागि मापदण्ड पुगेका इच्छुक कृषक, कृषक समूह, पशु फर्म, मत्स्य फर्म र कृषि सहकारीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (२०८३/०८/०६ गतेसम्म) कार्यालय समय भित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी हेलम्बु गाउँपालिकाको पशु सेवा शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

क.स.	कार्यक्रमको नाम	अनुदान प्रतिशत	कैफियत
१.	हिउँदे घाँस बीउँ वितरण कार्यक्रम	१००	कृषक,कृषक समुह, सहकारी तथा निजि फर्म
२.	५०% अनुदानमा मत्स्य पालन ह्याचरी निर्माण कार्यक्रम	५०	मत्स्य पालन फर्मको लागि मात्रै
३.	सामुदायिक कुकुरहरुमा रेविज खोप तथा वन्ध्याकरण कार्यक्रम	१००	समुदायस्तरमा ।
४.	लक्षित बर्गहरुको लागि मागमा आधारित व्यवसायिक पशुपन्छी पालन सम्बन्धित तालिम	१००	कृषक,कृषक समुह, सहकारी तथा निजी फर्म
५.	पर्यटन प्रवर्द्धनका लागि चौरी संरक्षण कार्यक्रम	१००	चौरी पालन समुहको लागि मात्र
६.	पशुहरुमा प्रजनन व्यवस्थापन तथा नश्ल सुधार कार्यक्रम	५०	कृषक समुह, सहकारी तथा निजि फर्म
७.	गोठ सुधार कार्यक्रम	५०	कृषक,कृषक समुह, सहकारी तथा निजि फर्म

आवश्यक कागजातहरुः

- निवेदन ,
- समूह र सहकारीको हकमा बैठकको निर्णयको प्रतिलिपि।
- आवेदक व्यक्तिको नागरिकताको प्रतिलिपि,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- जग्गाको लालपुर्जाको प्रतिलिपि तथा भाडामा भए भाडा सम्झौता
- आवेदक संस्था दर्ता/नविकरण प्रमाणपत्र, PAN दर्ता र करचुक्ताको प्रतिलिपि,
- जै घाँस बीउको लागि नागरिकता, जग्गाको लालपूर्जा तथा भाडा सम्झौताको प्रतिलिपि ।

०८३/०६/१६
गुणा राई
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागिः हेलम्बु गाउँपालिकाको पेज तथा वेबसाईट www.helambumun.gov.np मा हेर्नुहुन तथा हेलम्बु गाउँपालिका पशु सेवा शाखा ९८५११८९१२५, ९८६४६८४६६६ मा सम्पर्क गर्न सक्नुहुनेछ।